# बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
दुंखर्क, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या:- ०८०/०८१
चलानी नं.:- १६००

मितिः- २०८१/०१/०६

**गाउँपालिकाको प्रतीक चिन्ह (लोगो) निर्माण गर्ने सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति : २०८१/०१/०६)**

स्थानीय सरकारले आफ्नो पहिचान झल्किने गरी स्थानीय तहको प्रतीक चिन्ह (लोगो) निर्माण गर्ने संम्बन्धमा यस गाउँपालिकाको पहिचान स्वरुप आफ्नो प्रतीक चिन्ह बनाउने भनी यस बेथानचोक गाउँकार्यपालिकाको मिति २०८०।०६।२५ को निर्णयानुसार ईच्छुक व्यक्ति वा संस्थाहरुले देहाय बमोजिमका शर्तको अधीनमा रही उपयुक्त प्रतीक चिन्ह निर्माण गरी सो को E-Copy यस गाउँपालिकाको ईमेल ठेगाना bethanchowkmun@gmail.com मा मिति २०८१/०१/२० गते कार्यालय समयभित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु :**

- गाउँपालिकाको नाम बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक र राष्ट्रिय झण्डा अनिवार्य रुपमा समावेश भएको हुनुपर्नेछ ।
- यस गाउँपालिकाको भौगोलिक, ऐतिहासिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक एवं प्राकृतिक पक्ष प्रतिबिम्बित हुनेगरी मौलिक रुपमा सृजना गरेको हुनुपर्नेछ ।
- लोगोको साइज बढीमा २.५ देखि ३ (तीन) से.मि. व्यास (Diameter) सम्मको हुनेगरी तयार गर्नुपर्नेछ । साथै लोगो रङ्गिन हुनुपर्नेछ ।
- लोगो पेश गर्दा डिजाइनकर्ताले अनिवार्य रुपमा आफ्नो नागरिकताको छायाँप्रति तथा सम्पर्क नं. पेश गर्नुपर्नेछ ।
- लोगो स्वीकृत सम्बन्धी सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ ।
- प्राप्त भएका प्रतीक चिन्हहरुमा मूल्यांकन तथा छनोट सिफारिस समितिले आवश्यक परिमार्जन गर्न आग्रह गरेमा सो अनुसारको परिमार्जन गरिदिनुपर्नेछ ।
- प्राप्त भएका प्रतीक चिन्हहरु छनोट सिफारिस समितिबाट उपयुक्त नठानेमा पुनः प्रतीक चिन्हका लागि सूचना आव्हान गरिनेछ ।
- उत्कृष्ट लोगो डिजाइन गर्नुहुने संघ, संस्था र व्यक्तिलाई रु.२५०००।- (अक्षरुपी पच्चीस हजार) पुरस्कार सहित सम्मान पत्र प्रदान गरिनेछ ।

२०८१/०१/०६

राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
दुंखर्क, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः- ०८०/०८१
चलानी नं.:- १६०१
मितिः- २०८१/०१/०६

**गाउँपालिकाको गान तयार गर्ने सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति : २०८१/०१/०६)**

यस बेथानचोक गाउँपालिकाको पहिचान झल्किने गरी गाउँपालिकाको आफ्नै गान तयार गर्ने भनी यस बेथानचोक गाउँकार्यपालिकाको मिति २०८०।०६।२५ को निर्णयानुसार ईच्छुक व्यक्ति वा संस्थाहरुले देहाय बमोजिमका शर्तको अधीनमा रही उपयुक्त गान तयार गरी सो को E-Copy यस गाउँपालिकाको ईमेल ठेगाना bethanchowkmun@gmail.com मा मिति २०८१/०१/२० गते कार्यालय समयभित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु :**

- बेथानचोक गाउँपालिकाको नाम अनिवार्य रुपमा समावेश भएको हुनुपर्नेछ ।
- यस गाउँपालिकाको भौगोलिक, ऐतिहासिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक एवं प्राकृतिक पक्ष प्रतिबिम्बित हुनेगरी मौलिक रुपमा सिर्जना गरेको हुनुपर्नेछ ।
- गाउँपालिकाको गान कम्तीमा ४० (चालिस) अक्षर र बढीमा ६० (साठी) अक्षर भएको उल्लेखित मौलिक विशिष्टता झल्कने हुनुपर्नेछ ।
- गानमा प्रयोग भएका शब्दहरुको संक्षिप्त व्याख्या गर्नुपर्नेछ । कुनै पनि जातीय विभेद, साम्प्रदायिकता, सार्वभौमिकता, राष्ट्रिय एकता र अखण्डतामा आँच आउने संकेत प्रयोग गर्न पाइने छैन ।
- उत्कृष्ट पालिका गान तयार गर्नुहुने संघ, संस्था र व्यक्तिलाई रु.२५०००।- (अक्षरुपी पच्चीस हजार) पुरस्कार सहित सम्मान पत्र प्रदान गरिनेछ ।
- पालिका गानको मूल्यांकन मूल्यांकन समितिबाट गराइनेछ ।
- पेश भएको गानामा मूल्यांकन तथा छनोट सिफारिस समितिबाट परिमार्जन गर्न सुझाव आएमा सो अनुसार परिमार्जन गरिदिनुपर्नेछ ।
- सामूहिक रुपमा पेश गरेको गानलाई मान्यता प्रदान गरिनेछैन ।
- पालिका गानको स्वीकृती सम्बन्धी सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ ।
- स्वीकृत गानको सर्वाधिकार गाउँपालिकामा रहनेछ र सिर्जनाकारले अन्यत्र प्रयोग गर्न पाईने छैन ।

..........................
राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner